नेपाल सरकार

# प्रदेश प्रमुखको कार्यालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

प.सं.

च.नं :

## विज्ञप्ति

माननीय प्रदेश प्रमुख यादवचन्द्र शर्माज्यू समक्ष प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशका अध्यक्ष श्री सुरेशमान श्रेष्ठज्यूले प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ११२ बमोजिम प्रदेश लोक सेवा आयोगले आर्थिक वर्ष २०७८।०७९ मा सम्पादन गरेको काम कारबाहीहरुको तेस्रो वार्षिक प्रतिवेदन पेश गर्नुभयो।

उक्त अवसरमा आयोगका अध्यक्षज्यूले आर्थिक बर्ष २०७८/०७९ मा आयोगद्वारा सम्पादित कार्यहरूको कार्यकारी सारांश प्रस्तुत गर्दै थप ३३ पदहरूका लागि ५९ वटा पाठ्यक्रम निर्माण गरी स्वीकृत गरेको, २९३ महिला र ५१६ पुरुष सहित जम्मा ८०९ जनाको सिफारिस लगायतका प्रगतीहरुको अवगत गराउनुभयो। आयोगमा भौतिक पूर्वाधारको कमि भएको, नीतिगत अन्यौलता रहेको, जनशक्तिको अभाव भएको लगायतका समस्याहरुका सम्बन्धमा जानकारी गराउनुभयो। साथै प्रदेश सरकार र सबै स्थानीय तहहरूले रिक्त पदहरू पदपूर्तिका लागि आयोगको वार्षिक कार्यतालिका अनुसार आयोग समक्ष समयमै माग पठाउनु पर्ने, बढुवा समितिको सचिवालयलाई क्रियाशील बनाई लामो अवधिदेखि थाति रहेका बढुवाका प्रक्रियाहरू टुङ्ग्याउन आवश्यक सहजीकरण गरिदिनुपर्ने लगायतका सुझावहरुका सम्बन्धमा समेत जानकारी गराउनु भयो।

(इन्दिरा पौडेल)
सूचना अधिकारी

२०७९ साल भदौ १५ गते बुधबार